म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १३५ मंगलबार १२ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 27 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागुऔषध वनरेक्ससहित एक जना पक्राउ

हेटौंडा, ११ पुस/मकवानपुर प्रहरीले लागुऔषध वनरेक्ससहित एक जनालाई पक्राउ गरेको छ । शनिबार साँझ ५ बजेर १५ मिनेटको समयमा विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले लागुऔषध वनरेक्ससहित एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा-१० बसपार्कका ३८ वर्षीय नरेन्द्र श्रेष्ठ रहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले हेटौंडा-१० स्थित बसपार्कको भित्री सडक खण्डमा सोही ठाउँ बस्ने श्रेष्ठले आफ्नो घरमा लुकाई छिपाई गरी राखेको अवस्थामा लागूऔषध वनरेक्स ३ सय ५४ बोतल प्रहरीले बरामद गरेको जानकारी दिए । उक्त लागूऔषधसहित श्रेष्ठलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रवक्ता कार्कीले बताए ।

# बागमतीमा माओवादी नेतृत्वको सरकार बन्ने सम्भावना कति ?

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/नेकपा एमाले लगायतका दलको समर्थनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा नयाँ गठबन्धनको सरकार बनेसँगै बागमती प्रदेशमा पनि सत्ता समीकरणमा फेरबदल आएको छ ।

यसअघिको बाम-लोकतान्त्रिक गठबन्धनमा पूर्वसहमति पालना नभएको भन्दै प्रचण्डले नयाँ गठबन्धन बनाएर सरकार बनाएपछि बागमतीसहित देशका सात प्रदेशमा नयाँ सत्ता समीकरण बनेको छ । अर्थात, देशको ठूलो दल नेपाली कांग्रेस केन्द्रदेखि सातवटै प्रदेशमा प्रतिपक्षी भूमिका देखिने भएको छ । यसअघि नेपाली कांग्रेस, माओवादी, नेकपा (एकीकृत समाजवादी), लोसपालगायतका बाम-लोकतान्त्रिक गठबन्धनको आधारमा बागमतीमा कांग्रेसले सरकारको नेतृत्व गर्ने बारे चर्चा भएको थियो । तर, अब प्रदेश सरकारको नेतृत्व माओवादी की एमालेले गर्ने भन्ने बारे राजनीतिक चर्चा सुरु भएको छ ।

बागमतीमा एमाले वा माओवादी केन्द्रले सरकारको नेतृत्व गर्नेमा कुनै शंका छैन् । प्रदेशको पहिलो ठूलो दल कांग्रेस प्रतिपक्षको कित्तामा पुगेसँगै दोस्रो ठूलो दल एमाले, तेस्रो ठूलो दल माओवादी र चौथो ठूलो दल राप्रपाबीचको सरकार बन्ने भएको हो । एमाले, माओवादी र राप्रपाको मात्रै ६१ सिट रहेको छ । यो सिट सरकार बनाउन पर्याप्त छ । एमालेको २७, माओवादीको २१ र राप्रपाको १३ सिटले नयाँ गठबन्धनको सरकार बन्ने भएको हो । यद्यपि, नयाँ सरकारको नेतृत्व कसले गर्छ भन्नेमा टुंगो भने लागिसकेको छैन् ।



नेताहरुका अनुसार बागमतीमा माओवादी केन्द्रले सरकारको नेतृत्व गर्ने सम्भावना रहेको छ । प्रदेशसभाको पहिलो कार्यकालमा तत्कालीन नेकपा हुँदा एमालेले साढे ३ वर्ष सरकार चलाएको कारण दोस्रो कार्यकालमा माओवादीको स्वभाविक दाबी रहने माओवादी केन्द्रका नेताहरु बताउँछन् । प्रधानमन्त्री प्रचण्ड भएकै कारण पनि बागमती माओवादी केन्द्रले पाउने नेताहरुले दाबी गरे । प्रचण्ड निकट मानिएका मओवादी केन्द्र बागमती प्रदेश कमिटी उपाध्यक्ष तथा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले बागमतीमा माओवादी नेतृत्वको सरकार बन्ने दाबी गरे ।

उनले एमालेले १ नम्बर प्रदेश, गण्डकी र कर्णाली लिने भन्दै बागमतीमा माओवादी केन्द्रले नेतृत्व गर्ने साझाकुरालाई बताए । 'अघिल्लो कार्यकालमा पनि एमालेले साढे ३ वर्षभन्दा बढी सरकार चलाएको हो । हामीले त्यति बेला पनि नेतृत्वमा दाबी गरेका थिएनौँ । यसपाली बागमतीमा हाम्रै नेतृत्व हुन्छ,' पुलामीले भने । उनले माओवादीबाट मुख्यमन्त्री को बन्नेछन् भन्ने प्रश्नमा अहिले नै निर्णय भइनसकेको बताए । 'मुख्यमन्त्री को भनेर अहिले नै टुंगिसकेको छैन । पहिला संसदीय दलको नेता चयन गरौं, त्यसपछि थाहा भइहाल्छ नी,' पुलामीले भने । एमाले मकवानपुरका अध्यक्ष तथा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले ठूलो दलको हैसियतले सरकारमा दाबी रहने बताए ।

माओवादी नेताहरुका अनुसार सुदुरपश्चिमपछि लुम्बिनी र बागमतीमा माओवादीको दाबी र हने जनाइएको छ । लुम्बिनीमा नागरिक उन्मुक्ति पार्टीले भाग पाए माओवादीले बागमतीमा दाबी गर्ने जनाइएको छ । १ नम्बर प्रदेश, गण्डकी र कर्णालीमा एमालेको दाबी रहने चर्चा छ । प्रदेश १ मा हिक्मत कार्की, गण्डकीमा खगराज अधिकारी र कर्णालीमा यमलाल कँडेल मुख्यमन्त्रीका प्रमुख दाबेदार हुन् । उनीहरु तीन जना नै पार्टी स्थायी कमिटी सदस्य भएकाले पनि मुख्यमन्त्रीका प्रबल दाबेदारका रुपमा हेरिएको छ । यी तीन प्रदेशमा मुख्यमन्त्री एमालेले पाए बागमती माओवादी केन्द्रले पाउने निश्चित प्राय: हो ।

बागमतीमा माओवादी केन्द्रमा पनि संसदीय दलको नेता बन्दै मुख्यमन्त्री बन्न दुई जना दाबेदारको रुपमा देखिएका छन् । माओवादीको बागमती प्रदेशको संसदीय दलको नेता बन्न शालिकराम जम्मकट्टेल र सरल सहयात्री पौडेलबीच प्रतिस्पर्धा हुने देखिएको हो । एकले अर्कोलाई सजिलै छाड्ने स्थिति नभएपछि चुनाव समेत हुन सक्ने जनाइएको छ । पहिलो कार्यकालमा दलको नेता जम्मकट्टेल भइसकेकाले यसपटक पौडेलले आफू हुनुपर्ने दाबी प्रस्तुत गरेका छन् । माओवादीको बागमती प्रदेश अध्यक्षसमेत रहेकाले आफू दलको नेता बन्दै मुख्यमन्त्री बन्नुपर्ने पौडेल बताउँछन् । जम्मकट्टेल दोस्रो कार्यकालमा आफूले मुख्यमन्त्री बन्न पाउनुपर्ने दावी गरिरहेका छन् ।

भागवण्डामा बागमती एमालेलाई परेमा मुख्यमन्त्रीको दाबेदारका रुपमा चितवनबाट निर्वाचित जगन्नाथ थपलिया (जेएन) देखिएका छन् । मुख्यमन्त्रीमा दाबी रहने भन्दै प्रदेशसभा निर्वाचन लडेका निवर्तमान सभामुख सानुकुमार श्रेष्ठ र एमाले प्रदेश कमिटी अध्यक्ष तथा पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री केशव राज पाण्डे पराजित भएपछि थपलिया शक्तिशाली बनेका हुन् । एमालेले पनि संसदीय दलको नेता चयन गरेको छैन । एमालेमा सर्वसम्मतिमा संसदीय दलको नेता चयन हुने देखिए पनि दलको नेता केही दिनपछि मात्रै टुंगिने जनाइएको छ । नेताहरुका अनुसार थपलिया दलको नेता बन्ने जनाइएको छ ।

केन्द्रमा बाम-लोकतान्त्रिक गठबन्धन टुटेर नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी र तीन जना स्वतन्त्र सांसदसहित १ सय ६९ जना सांसदको समर्थनमा नयाँ गठबन्धनको सरकार बनेको हो । बागमतीमा यसअघि स्पष्ट बहुमत रहेको वाम-लोकतान्त्रिक गठबन्धन फुटे पनि सरकार बनाउन नयाँ गठबन्धनको पनि बहुमत पुगेको हो । बागमती प्रदेशसभाको कुल १ सय १० सिटमा सरकार बनाउन ५६ सिट भए पुग्छ । बागमतीमा एमाले, माओवादी र राप्रपाकै सिटले सरकार बन्ने भएपछि साना दलको समर्थन नचाहिने देखिएको हो ।

बागमती प्रदेशसभामा ३७ सिटसहित ठूलो दल नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दल बन्नेछ । प्रदेशसभामा कांग्रेस, एमाले, माओवादी र राप्रपासहित ७ दलको प्रतिनिधित्व छ । नेकपा (एकीकृत समाजवादी) सँग ७ सिट छ । समाजवादीले प्रत्यक्षमा ५ र समानुपातिकमा २ सिट ल्याएको थियो । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) सँग ३ सिट छ । प्रत्यक्षतर्फ १ सिट जितेको नेमकिपाले समानुपातिकबाट २ सिट ल्याएको हो । यसैगरी, हाम्रो नेपाली पार्टीले प्रत्यक्षमा १ र समानुपातिकमा १ गरी २ सिट ल्याएको छ । प्रदेश सभामा कांग्रेस, एकीकृत समाजवादी, नेमकिपा र हाम्रो नेपाली पार्टी प्रतिपक्षको भूमिकामा देखिने छन् ।

# मकवानपुरमा वार्षिक ६ हजार ७ सय ७१ मेट्रिकटन मासु उत्पादन

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/मकवानपुरमा वार्षिकरुपमा ६ हजार ७ सय ७१ मेट्रिकटन कुखुरा र हाँसको मासु उत्पादन हुने गरेको पाइएको छ ।



दशौं राष्ट्रिय पोल्ट्री दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत सोमबार आयोजित कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका डा. निशान्त शर्मा गेलालले मकवानपुरमा वार्षिक रुपमा ६ हजार ७ सय ७१ मेट्रिकटन कुखुरा र हाँसको मासु उत्पादन हुने गरेको जानकारी दिएको हो । गेलालले जिल्लामा वार्षिक रुपमा २१ लाख ३० हजार कुखुरा र ४ हजार ३ सय हाँस गरी जम्मा २१ लाख ३४ हजार ७ सय ३८ वटा कुखुरा हाँस पालन भईरहेको बताए ।

जिल्लामा ३६ हजार ५ सय हजार गोटा अण्डा उत्पादन हुने गरेको गेलालका भनाई छ । यस्तै, बागमती प्रदेशमा १ लाख ६३ हजार ३९ सय ३९ मेट्रिकटन मासु उत्पादन हुने तथ्याङ्कमा देखिएको छ । आर्थिक वर्ष २०७८/०७९ को तथ्याङ्क अनुसार प्रदेशमा कुखुरा/हाँसको मासु उत्पादन एक लाख १३ हजार ४ सय ३२ मेट्रिकटन छ । प्रदेशको कुल अण्डा उत्पादन ८ लाख ९९ हजार ३ सय ३५ हजार गोटा रहेको बताईएको छ । प्रदेशको कुल मासु उत्पादनमा पोल्ट्रीको योगदान ६९ प्रतिशत र राष्ट्रिय अण्डा उत्पादनमा बागमती प्रदेशको योगदान ६० प्रतिशत रहेको छ । 'पोल्ट्री क्षेत्रको विकासमा सर्वपक्षीय सहभागिता खाद्य र पोषण सुधार: हाम्रो प्रतिवद्धता' भन्ने नाराका साथ सप्ताहव्यापी कार्यक्रम सुरु भएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरका निमित्त प्रमुख बज्र किशोर ठाकुरको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारका कृषी तथा पशुपन्छी विकासमन्त्री बसुन्धरा हुमागाईको प्रमुख आतिथ्यतामा अन्तरक्रिया भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुदै मन्त्री हुमागाईले बागमती प्रदेश सरकारले प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना गरिएको र सञ्चालनको प्रक्रिया अघि बढेको बताए । उनले प्रदेश सरकारले प्रदेश कृषि विकास अध्यादेश, २०७९ बनाएको र प्रमाणीकरणको चरणमा रहेको बताए । बागमती प्रदेश सरकारले किसानहरुलाई लक्षित गरेर ५ करोड रुपैयाँ बजेट छुट्याएर स्थायी क्षतिपुर्ति कोष स्थापना गरी सञ्चालन गरिएको उनको भनाई छ । बागमती प्रदेश सरकारले किसानहरुको वर्गीकरण गरेर परिचयपत्र वितरण गरिने बताए । मन्त्री हुमागाईले व्यवसायीले उत्पादन गरेको वस्तुको व्यवस्थित बजार पाउनुपर्ने र गुणस्तरीय उत्पादन गर्नुपर्ने जानकारी दिए ।

यस्तै, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मकवानपुरका निमित्त प्रमुख बज्र किशोर ठाकुरले पोल्ट्रीको सप्ताहव्यापी कार्यक्रमले अण्डा तथा मासुको उपभोग बढ्ने विश्वास व्यक्त गरे । उनले प्रदेशभित्र दानाको परिक्षण र दानाको गुणस्तर सम्बन्धी मापदण्ड तयार गरी लागू गर्नुपर्ने धारणा राखे । यस्तै, मकवानपुरका उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा पोल्ट्री व्यवसायी राजु अधिकारीले जिल्लामा अहिले पोल्ट्री व्यवसायीहरुको संख्या घट्दै गईरहेको गुनासो गरे ।

मकवानपुरमा तीन वर्ष अघि ३ हजार पोल्ट्री व्यवसायी रहेकामा अहिले एक हजारको संख्यामा मात्रै पोल्ट्री व्यवसायी रहेको र यो पनि घट्दै जाने उनले बताए । व्यवसायीले उत्पादन र लगानी अनुसार बजार मुल्य नपाइरहेको उनले स्पष्ट पारे । सिधै किसानले पोल्ट्री बजारमा आफ्नो उत्पादन बिक्री गर्न पाए उचित मुल्य पाउने उनको भनाई छ । उनले सम्बन्धित निकायले कस्ले कुखुरा पाल्न पाउने र एक जना पोल्ट्री व्यवसायीले कति वटासम्म कुखुरा पाल्न पाउने भनि मापदण्ड बनाउनुपर्ने धारणा राखे । नत्र कुनै एक व्यक्तिले मात्र धेरै संख्यामा उत्पादन गर्ने र अरु स-साना व्यवसायी संकटमा पर्ने उनको भनाई छ ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत सोमबार दिउँसो २ बजे जिल्लाभित्रका पोल्ट्री व्यवसायी संघ संस्थाहरुसँग अन्तरक्रिया गरेको छ । कार्यक्रमको दोस्रो दिन मंगलबार मनहरी गाउँपालिका वडा नम्बर ३ स्थित प्रजा निमाविमा अण्डा तथा मासु उपभोगको महत्वबारे स्कुल शिक्षा कार्यक्रमसहित अण्डा खुवाउने कार्यक्रम रहेको जनाएको छ । तेस्रो दिन बुधबार बकैया गाउँपालिका वडा नम्बर ११ मा गर्भवती महिला, कुपोषण र पुड्कोपना भएका बालबालिकाहरुलाई अण्डा वितरण गरिने जनाएको छ ।

बिहिबार सामरी र कमानेमा पोल्ट्री कृषकहरुलाई सचेतना कार्यक्रम, शुक्रबार राष्ट्रिय दैनिक पत्रपत्रिकामा पोल्ट्री क्षेत्रसँग सम्बन्धित र सान्दर्भिक लेख रचना कार्यक्रम, शनिबार बुद्धचोमा श्रमिकहरुलाई अण्डाको परिकार वितरण र आइतबार कार्यक्रमको समापन गरिने जनाएको छ । बागमती प्रदेशभित्र सञ्चालित पोल्ट्री व्यवसायले देशको कुल मासु तथा अण्डा उत्पदनमा क्रमश: २२ र २६ प्रतिशत योगदान पुर्याउँदै आएको प्रमुख ठाकुरले बताए ।

# १२ वर्षीय बालक झुण्डिएको अवस्थामा फेला



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/हात बाँधिएको अवस्थामा रुखमा कपडाको डोरीमा पासो लगाई हेटौंडाका एक १२ वर्षीय बालक झुण्डिएको फेला परेका छन् ।

हेटौंडा उपमहानगरपालिका-१६, स्थित हटिया नजिक बाबेडाँडाको सामुदायिक वनमा स्थानीय मुस्कान भनिने सुजन थिङ रुखमा झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

१२ वर्षीया थिङको आत्महत्या नभई हत्या भएको हुनसक्ने आशंकामा मकवानपुर प्रहरीले अनुसन्धान अगाडि बढाएको छ । रुखमा हात बाँधिएको अवस्थामा उनी झुण्डिएको फेला परेपछि प्रहरीले हत्या भएको अनुमान लगाएको थियो । प्रहरीले हत्यामा संलग्न भएको आशंकामा दुई जनालाई सोधपुछका लागि जिल्ला प्रहरी कार्यालय ल्याएको जनाइएको छ ।

प्रहरीको नियन्त्रणमा रहेका दुई जनाको परिचय भने प्रहरीले खुलाएको छैन् । घटना अनुसन्धानमै रहेकाले आरोपितहरुको संलग्नता भए/नभएको खोजी भइरहेकोले परिचय खोल्न नमिलेको प्रहरीले जनाएको छ । मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले बालकको हत्या भएको आशंकामा प्रहरीले सोधपुछका लागि स्थानीय दुई जनालाई नियन्त्रणमा लिएको जानकारी दिए । दुई जनालाई हिरासतमा राखेर सोधपुछ भइरहेको बताए ।

'बालक झुण्डिको अवस्थामा फेला परेको हो । दुवै हात बाँधिएकोले हत्या भएको हुन सक्ने देखिएकोले अनुसन्धान गर्दैछौं । शव पोष्टमार्टम भएपछि थप विषय खुल्छ,' कार्कीले भने । घरबाट करिब २ सय मिटरको दुरीमा रहेको सामुदायिक वनको रुखमा कपडाको डोरीको पासो लगाई बालक झुण्डिएको खबर स्थानीयले प्रहरीलाई गराएका थिए । खबर आउना साथ प्रहरी घटना स्थल पुगेको थियो । शव पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको उनले जानकारी दिए ।


**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर: ९८४५०२७०६४/९८५५०६८०३८

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

**सम्पूर्ण ब्राण्डका गाडी**
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:




- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'छाउकोठा' घरमै व्यवस्थित गर्नु जरुरी

स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा विकट गाउँहरुमा घरभन्दा अलि पर लगेर राख्ने गरिन्छ । त्यो राख्ने ठाउँलाई 'छाउगोठ' भन्ने गरिएको छ । शहरी क्षेत्रका स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा भने आफन्त वा अन्य छिमेकीको घरमा लगेर राख्ने गरिएको पाइएको छ । त्यसलाई भने 'छाउकोठा' भन्ने गरिएको पाइएको छ । अशिक्षाको कारणले गर्दा नै स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा घरबाट बाहिरिनु परिरहेको छ । महिलाहरुमा शारीरिक विकास हुँदै जाँदा प्रजनन स्वास्थ्यसंग जोडिएको विषय हो, महिनावारी । मानिस जन्मिने प्रक्रिया यहि महिनावारीबाट नै हुने गर्दछ । त्यसलाई नै अवैज्ञानिक तरिकाले व्याख्या गरेर महिनावारी हुनु भनेको ठूलो अपराध गर्नू हो भन्ने झै भान पार्दै आइएको छ । त्यसलाई आजैका दिनदेखि सबैले निर्मूल पार्नु पर्दछ ।

महिनावारी महिलाको शारीरिक विकाससंगै नियमित हुने प्रक्रिया हो । यसलाई पहिलापटक हुँदा किन छिछि र दूरदूर गरिन्छ ? अन्य सामान्य अवस्थामा हुने महिनावारी र पहिलोपटक हुने महिनावारीमा के फरक छ ? यसको चित्तबुझ्दो जवाफ कस्ले दिन्छ ? 'पहिलोपटक महिनावारी हुँदा घरमा बस्नु हुँदैन, अर्काको घरमा लुक्न जानुपर्छ, घाम नै हेर्नु हुँदैन, दाजुभाइको अनुहार हेर्नु हुन्न, त्यसबेला तरकारीको बोटबिरुवा छुँदा कुहिन्छ भन्ने जस्ता रुढिवादी सोच अहिले पनि कायम हुनुमा कस्को दोष छ ? यो आ-आफैंले समीक्षा गरौं ।

पहिलोपटक महिनावारी हुँदा महिलाहरु डराउने, बेस्सरी पेट दुख्ने, कमजोरी हुने समस्याहरु हुने हुँदा पोषण तत्वको पर्याप्त जरुरी र परिवारको साथ अत्यन्तै जरुरी हुन्छ । तर, हाम्रो समाज भने अनावश्यक रुढीवादी सोच पालेर महिलाहरुको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिरहेको छ । त्यसैले 'छाउगोठ' वा 'छाउकोठा' अब घरकै सुविधासम्पन्न कोठामा हुनुपर्छ । पहिलोपटक महिनावारी हुने छोरीहरुलाई पर्याप्त सुविधा भएको र स्वास्थ्य परामर्शदिने स्वास्थ्यकर्मीको उपलब्धतासहित पहिलो महिनावारी हुने अवस्थामा गर्नुपर्ने सरसफाई र पालना गर्नुपर्ने स्वास्थ्य मापदण्डका विषयमा जानकारी दिनु जरुरी छ । पहिलो महिनावारी हुने अवधिलाई तनाव र त्रासको वातावरणभन्दा प्रजनन स्वास्थ्यको विषयमा बुझ्ने र परिपक्व हुने अवधिको रुपमा परिणत गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस १३ गते बुधबार २८ डिसेम्बर २०२२ । षष्ठी पौष शुक्लपक्ष । पोहेलाथ्व, ११४३ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# कोरोनाको नयाँ पदचाप



डा. सुशील ताम्राकार

गत २-३ दिन यता बिर्सिसकेको पुरानो घाउ बल्झेर आएको छ, कोरोना एकाएक प्रकट भएको छ । छापा, सामाजिक संजाल र टिभीहरूमा यसको व्यापक चर्चा परिचर्चा हुन थालेको छ । एकदुई साता यता चीनमा संक्रमण अनियन्त्रित भएको समाचार बाहिरिएको छ । चीनमा जे भइराखेको छ त्यसको यथार्थ जानाकारी त्यहीँका जनतालाई त हुँदैन भने दुनियालाई थाहा हुने कुरै भएन । तैपनि लुकीछिपी बाहिर आएको 'भिडियो फुटेज' र सूचनाले खतराको जनाउ दिएकै छ ।

'जिरो कोभिड पोलिसी' अर्थात् शून्य कोभिड नीतिविरुद्ध चिनियाँ जनता सडकमा उत्रनु र त्यसपछि एकाएक त्यो नीति फिर्ता लिइनु तथा अस्पताल र मुर्दाघरहरूमा जीवित र मृतक कोभिडका बिरामीको लाम देखिनु भयावह अवस्थाको 'सानो ट्रेलर' हो । विश्वका धेरै देशमा २-४ दिनदेखि कोरोनाको संक्रमणमा अप्रत्याशित वृद्धि भएको छ । चिसो मौसम, चाडपर्वको बेला, घरै भित्रैका गतिविधि पनि बढ्नुका यसका सहायक कारण हुन् । असली कारण त संक्रमितहरूको अनियन्त्रित र निर्बाध यात्रा नै हो ।

नयाँ प्रकार 'बीएफ ७' अहिलेसम्म भेटिएका प्रजातिभन्दा छिटो र धेरै फैलिने आकलन गरिएको छ । ओमिक्रोनभन्दा २ गुणा बढी छिटो फैलिने र संक्रमण काल पनि थोरै हुने अनुमान छ । एक व्यक्तिले १६ जनासम्मलाई सार्न सक्ने भयावह तथ्य पनि जानकारीमा आएको छ । चीनमा आएको यो नयाँ लहरमा ५० विभिन्न प्रजाति भेटिए पनि मुख्यतया 'बीएफ ७' नै भएको चिनियाँ स्वास्थ मन्त्रालयका अधिकारीले जनाएका छन् । भारतको बडोदरामा समेत एक जनामा यो नयाँ प्रजाति भेटिएको छ । चीनसँग पनि हाम्रो प्रत्यक्ष हवाई सम्बन्ध छ भने भारतको विभिन्न सहरमा त दैनिक अनेकौं उडान हुन्छ र सडकबाट निर्बाध आवागमन हुन्छ । बेलायत, जापान, कोरिया, अमेरिकालगायत विश्वका अनेकौं देशमा अप्रत्यक्ष सम्पर्क छ । तसर्थ यो बहुरूपी जीवाणु हाम्रो देशमा छिट्टै आउँदैन भन्ने ठान्नु मूर्खता हुन्छ ।

**भ्याक्सिन र संक्रमण**

कोभिड विरुद्धको खोप (भ्याक्सिन) लगाई सकेपछि फेरि के को संक्रमण भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । अब म भ्याक्सिन र संक्रमणको चक्रलाई सामान्य शब्दमा स्पष्ट पार्ने प्रयास गर्नेछु । कुनै पनि नयाँ संक्रमण हुँदा हाम्रो शरीरले बाहय तत्वको आक्रमण भएको जानकारी पाउँछ र त्यससँग लड्न वा त्यसलाई शरीरबाट निकाल्न प्रयास गर्छ । त्यसैको संकेत हो ज्वरो आउनु वा स्वेत रक्त कोषिकाको संख्या बढ्नु ।

कोरोनाजस्तो प्राणघातक संक्रमण हुँदा त्यो बाह्य शत्रु के हो ? कस्तो हो ? भन्ने जानाकारी संकलन र आफ्नो परम्परागत हतियारले लड्दैमा कमजोरहरू हार्छन् । जसले जिते तिनको शरीरमा प्राकृतिकरूपमा संक्रमणसँग लड्ने क्षमता बन्ने हुन्छ । एक हिसाबले यो एक प्राकृतिक भ्याक्सिनको एक मात्रा डोज हो ।

भयाक्सिन लगाउनु भनेको हाम्रो शरीरमा नियन्त्रित मात्रा र रुपमा या त जीवित कीटाणु (स्पाइक प्रोटिन वा संक्रमण गर्ने तत्त्व हटाइएको) वा भाइरसको मुख्य अवयव वा बन्ध्याकरण गरिएको भाइरस हुल्नु हो । शरीरमा यसले रोग विकसित नगरे पनि शरीरले भने यसलाई पनि शत्रुको रूपमै ग्रहण गर्छ र त्यसको विरुद्ध लड्ने तत्व 'एन्टीबडी' विकास गर्छ । त्यसैले तोकिएको मात्रामा भ्याक्सिन लगाउनु नै संक्रमणबाट बच्नु हो ।

भ्याक्सिन लगाइसकेपछि पनि किन संक्रमण हुन्छ त ? प्रश्न जटिल भए पनि उत्तर सरल छ । मानौ हाम्रो शरीर एउटा सामरिक किल्ला हो । भ्याक्सिन हाम्रो शरीरको सेनालाई निश्चित शत्रुसँग लड्ने तालिम हो । अब शरीरका लडाकुले त्यस्तो वैरी आयो भने च्याप्प समाएर किल्लाको ढोका बाहिरै काम तमाम गरिदिन्छ तर, ।

अतिक्रमणकारीको संख्या धेरै भए त जति नै तालिम प्राप्त सिपाही भए नि, हातहतियारले सुसज्जित भए नि केही न केही शत्रु किल्लाभित्र छिर्छन् र विध्वंश मचाउन थाल्छन् ।

हो, हाम्रो सेनाले त्यसलाई पनि खोजी खोजी मार्छन् तर त्यतिन्जेल संक्रमणको असरले आक्रान्त पारिसकेको हुनेछ र कमजोर शरीर त हार स्वीकार्न बाध्य हुन्छ ।

स्मरण होस्, कुनै पनि संक्रमणको गहिराइ र गाम्भीर्य सक्रमण गर्ने जीवाणुको संख्यामा भर पर्छ । भ्याक्सिन नलिँदा थोरै भाइरसले संक्रमण गर्न सक्थ्यो भने अहिले धेरै चाहिने हुन्छ । अझ यसमा पनि ध्यान दिऊँ - एउटा सियोको टुप्पोमा हजारौं भाइरस नाच्न सक्छन् बाँच्न सक्छन् र संक्रमित हुनको लागि भाक्सिन नलगाएको मानिसका लागि २-४ भाइरस नै काफी हुन्छ ।

यसैगरी थप मात्रा (बुस्टर डोज) वा (प्रिकसनरी डोज)लाई पनि यसरी बुझ्न सकिन्छ - ब्यारेकको सिपाहीलाई नियमित तालिम वा नयाँ नयाँ रणनीति वा हतियारबारे जानकारी दिइएन भने त्यो सेना चुस्त र तन्दुरुस्त रहन सक्दैन । नयाँ नयाँ भेरिअन्टको पहिचान गर्ने सक्ने क्षमता र लड्ने रणनीति बनाउन 'बुष्टर डोज' लगाउने गरिन्छ ।

हो, आवश्यक छैन भने कुनै पनि औषधि वा खोप लगाउनु वा खानु उपयुक्त हुँदैन । तर, कोरोना कतै गएको छैन । कम भएकोमात्र हो, कमजोर देखिएकोमात्र हो । दुवै विशाल छिमेकीबीच रहेको हाम्रो मुलुकमा छिमेकमा जे हुन्छ त्यसले असर गर्छ । चीनमा भनिएको अनियन्त्रित संक्रमणको छिटा हामीलाई पनि पर्छ । भारतसँगको खुला सीमाना र हवाई सघनताले त अझ बढी असर गर्छ । तसर्थ हामी सजक र सतर्क हुने बेला आएको छ ।

**अब गर्नुपर्ने काम**

हाम्रो देशको स्थिर सरकारको त भर गर्न सकिन्न भने अहिले नयाँ बन्ने सरकारमै अलमलमा रहेको प्रशासनले केही गर्ला भनेर आशा गर्नसक्ने ठाउँ खासै छैन ।

तसर्थ घरघरमै, व्यक्तिव्यक्तिमै सतर्कता र सजकता अपनाउनुपर्ने देखिन्छ । अब पहिलो चरण र दोस्रो चरणको जस्तो कहालीलाग्दो अवस्था नआउँला । त्यतिसाह्रो बन्देजमा रहनु नपर्ला तर पनि संक्रमण हुन सक्छ । नमरे पनि मार्ला मार्ला भन्ने त्रास रहिरहन्छ नै ।

**यसैले : -**

१. बुष्टर डोज उपलब्ध छ भने लगाउने ।
२. भिडभाड खास गरी घर वा कोठाभित्रको भिडबाट जोगिने, त्यस्तो ठाउँमा जान परे मास्क लगाएरमात्र जाने ।
३. अपरिचित व्यक्ति र शंकास्पद बिरामीसँग सामाजिक दूरी कायम गर्ने, दुवैले मास्क लगाएरमात्र र चाहिने जतिमात्र कुरा गर्ने ।
४. अनावश्यक 'फल्चा' गफ नगर्ने ।
५. बेला बेलामा हात धुने (२० सेकेन्डसम्म साबुन पानीले) ।
६. संक्रमित भएको शंका भए परीक्षण गराउने, एक्लै (आइसोलेसन)मा बस्ने, अरूको प्रत्यक्ष भौतिक सम्पर्कमा नआउने ।
७. सामान्य लक्षणमात्र देखिए घरमै सामान्य उपचार गर्ने र तागतिलो प्रोटिनयुक्त खाना खाने ।
८. संक्रमित नभएकाले मासुजन्य वा प्रोटिनयुक्त खाना धेरै खानाले संक्रमणबाट जोगिइन्छ भन्ने भ्रम त्याग्ने । तथ्यांकले देखाउँछ - संक्रमित नभएका तर धेरै प्रोटिनयुक्त खाना खाइरहेका पनि धेरैलाई संक्रमण भएको छ ।
९. कोरोना 'भ्रम' हो, भ्याक्सिन 'षड्यन्त्र' हो भनेजस्ता सामाजिक संजालमा फैलिएका भ्रामक सामग्री नपढ्ने ।

किनभने, कोरोना सत्य हो । विगत २-३ वर्षमा धेरैले आफन्त गुमाएका छौं । त्यो घाउ अझै आलो छ । भ्याक्सिन लगाइसकेको छु भनेर पनिलापरबाही नगरौं । हिजोजस्तो लसको गन्ती हुँदैन होला तर एकपल्ट बिरामी भयो भने हुने मानसिक क्षति र आर्थिक क्षति अपूरणीय हुनेछ । सतर्क रहौं, सजग रहौं, सुरक्षित रहौं । स्वस्थ रहे पो जीवन रंगीन र जीवन्त हुन्छ । *(साभार: बाह्रखरी)*

# शपथमा भाषामोह कि भाषिक राजनीति ?



महेन्द्र न्यौपाने

भाषा विचार विनिमयको सर्वाधिक लोकप्रिय माध्यम हो । मानिसका सभ्यता, संस्कृति, जीवनशैली, इतिहासलगायत भाषाकै माध्यमबाट पुस्ता दरपुस्ता हुँदै सञ्चार हुन्छन् । आजको अत्याधुनिक विकास र प्रगतिको पछाडि भाषाकै ठूलो भूमिका रहेको छ । भाषाको अभावमा मानवीय व्यवहार र उन्नति त्यति सहज र द्रुत गतिमा नहुने कुरा स्वाभाविक छ ।

भाषा मानिसको सामान्य बोलीचाली र लेखपढको विषय मात्र होइन । मानवीय सभ्यता, संस्कृति, इतिहास, जीवनशैलीसँग यसको प्रत्यक्ष सम्बन्ध रहेको छ । यसर्थ कुनै पनि भाषाका वक्ताले आफ्नो भाषाका माध्यमबाट आफ्नो पहिचान खोजेका हुन्छन् । झन् नेपाल जस्तो धेरै भाषाका जाति अनुसारका संस्कृति भएको देशमा भाषा र उक्त भाषाका वक्ताको पहिचानको कुरा झनै अभेद्य रहन गएको छ ।

यसले भाषाप्रतिको मोह झनै बढाइदिन्छ । आफूले प्रयोग गर्ने भाषा राष्ट्रिय र औपचारिक सन्दर्भमा बोलियोस् र आफ्नो भाषाको प्रचार होओस् भन्ने चाहना सबैको हुन्छ । त्यसो त भाषा कुनै पनि वक्ताको मात्रै नभई राष्ट्रकै निधि पनि हो । कुनै देशमा प्रचलित भाषा लोप हुनु राज्यका लागि ठूलो नोक्सानी पनि हो ।

यसैले जीव विज्ञानमा एउटा जीवको लोप हुनु, वनस्पतिशास्त्रमा एउटा वनस्पतिको लोप हुनु जस्तै एउटा भाषाको लोप हुनु भाषा, संस्कृति र सभ्यताको दृष्टिले ठूलो नोक्सानी हो । यसर्थ आफ्नो राष्ट्रका भाषाको संरक्षण गर्नु राज्यकै दायित्व समेत हुन आउँछ ।

विश्वमा करिब सात हजार भाषा प्रचलनमा छन् । वि.सं. २०६८ को जनगणनालाई आधार मान्दा नेपालमा बोलिने भाषाको संख्या १२३ छ । भाषा आयोगले पहिचान गरेका भाषा समेत गर्दा यो संख्या बढ्ने देखिन्छ । बहुभाषिक तथा भौगोलिक र जनसांख्यिक दृष्टिले सानो मुलुक नेपाल भाषिक दृष्टिले सम्पन्न छ । वक्ता संख्या घट्दो क्रममा छन् ।

पछिल्लो पुस्ताले नेपाली लगायतका प्रभावशाली भाषा प्रयोग गर्दै भएका छन् । जसको कारण कैयौं भाषा संकटतर्फ उन्मुख छन् । राष्ट्रको अमूल्य निधिका रूपमा रहेका भाषाको संरक्षणका लागि सशक्त रूपमा लाग्नुपर्ने बेला आएको छ ।



**शपथको भाषा छनोटको कथा**

नेपालमा बेलाबेलामा भाषा सम्बन्धी विषयले चर्चा पाउने गर्दछ । पछिल्लो समय प्रतिनिधिसभामा निर्वाचित सांसदहरूले शपथ ग्रहण विभिन्न मातृभाषामा गरेपछि भाषाको विषयले चर्चा पाएको छ । यो विषय पहिलोपटक उठेको भने होइन ।

विभिन्न समयमा शपथको भाषाको विषयमा भएका चर्चामा आएका प्रसंगका केही दृष्टान्त यसप्रकार छन् :

उपराष्ट्रपति परमानन्द झाले हिन्दी भाषामा शपथ लिएपछि त्यसको समर्थन र विरोध चर्कियो, शपथ पुन: नेपाली भाषामा हुनुपर्दछ भनी सर्वोच्च अदालतमा रिट दायर भयो र सर्वोच्च अदालतले आदेश समेत दियो ।

वि.सं. २०७४ को चुनावपछि मधेश प्रदेशको प्रदेशसभामा निर्वाचित सांसदले चार भाषामा शपथ लिए (मैथिलीमा ४७ जना, भोजपुरीमा २५ जना, नेपालीमा २४ जना र हिन्दी भाषामा ११ जनाले) ।

काठमाडौं महानगर प्रमुखमा निर्वाचित भएका बालेन शाहले नेपाली भाषामा शपथ लिइसकेपछि नेपाल (नेवारी) भाषामा लेखिएको शपथको व्यहोराको पाठ गरे । २०७९ सालमा भएको निर्वाचनमा प्रतिनिधिसभामा निर्वाचित सांसदमध्ये २७ जनाले नेपाली बाहेकका १४ भाषामा शपथ लिए ।

२०७९ सालमा जनमत पार्टीबाट निर्वाचित प्रतिनिधिसभाका सभासद सिके राउतलगायतले 'मधेशी' भाषामा शपथ लिन संसद सचिवालयमा निवेदन दिए र सोही भाषामा शपथ खाएको भने ।

शपथ ग्रहण ऐन, २०७९ ले शपथ 'सरकारी कामकाजको नेपाली भाषामा लिनुपर्ने' तथा 'नेपालमा बोलिने आफ्नो मातृभाषामा शपथ लिन सक्ने' तथा मातृभाषामा शपथ लिन चाहनेले शपथ अनुवाद गरी शपथ लिनुभन्दा अगाडि नै आफैंले प्रमाणित गरी शपथ गराउने निकायमा बुझाउनुपर्ने व्यवस्था गरेको छ ।

यही व्यवस्थालाई टेकेर सांसदले नेपाली बाहेकका भाषामा शपथ लिनका लागि संसद सचिवालयमा निवेदन पेश गरेका हुन् । यस आधारमा शपथका लागि नेपाली वा आफूले प्रयोग गर्ने मातृभाषामा व्यक्तिको स्वतन्त्रता हो । राज्यको बहुभाषिकतालाई मध्यनजर गर्दै सबै मातृभाषीको समान अधिकार संविधानले प्रत्याभूत गरेकाले तथा शपथ ऐनको समेत व्यवस्थाले यो विषय कानुनी अधिकारको रूपमा समेत देखा पर्दछ ।

नेपाली भाषाबाहेकका भाषाबाट शपथ लिने कुरा सामान्य नै हो यद्यपि यसका दुई कारण देखिन्छन् : पहिलो आफ्नो मातृभाषाको पहिचानलाई स्थापित गराउनु र दोस्रो मातृभाषामा शपथ लिई उक्त भाषाका वक्तासँग भाषाका माध्यमबाट भावनात्मक रूपमा नजिक हुन खोज्नु ।

आफ्नो मातृभाषालाई सकेसम्म प्रचार गर्नु र औपचारिक सन्दर्भमा उपयोग गर्नु सम्बन्धित मातृभाषीको दायित्वसमेत हो । उल्लिखित पहिलो कारणले त्यही कुराको संकेत गर्दछ जुन स्वाभाविक पनि हो ।

आफ्नो मातृभाषाभन्दा बाहेकको भाषामा शपथ लिनु र हुँदै नभएको भाषाको नामकरण गर्नुको पछाडि दोस्रो कारणले भूमिका खेलेको देखिन्छ । आफ्नो मातृभाषा अर्कै अनि शपथको भाषा अर्कै हुनु तथा हुँदै नभएको भाषा तत्कालै निर्माण गरी त्यसमा शपथ लिएँ भन्नुका पछाडि दोस्रो कारणले भूमिका खेलेको छ ।

हालसम्म पहिचान नभएको 'मधेशी भाषा' नाम दिनुका पछाडि प्रचलित एउटा भाषामा मात्र शपथ लिंदा उक्त भाषिक समुदायका वक्तासँग मात्र नजिक भइने तर 'मधेशी भाषा' नाम दिंदा पूरै मधेशलाई समेट्न सकिने अर्थात् मधेशमा प्रचलित सबै भाषिक वक्तासँग नजिक हुन पाइने मनसाय प्रभावशाली भएको देखिन्छ ।

मधेश राजनीतिमा उदाउँदै गरेका सिके राउतको चलाखीपूर्ण शपथको भाषा छनोटले त्यही संकेत गर्दछ । यद्यपि उनको चलाखी थाहा पाएर कतिपयले विरोध पनि गरे । यसरी हुँदै नभएका भाषा अनि अर्काको मातृभाषाको माध्यमबाट शपथ लिने कार्य गर्नुका पछाडि भाषाको भन्दा पनि आफ्नै लोकप्रियताको हुटहुटीले बढी भूमिका खेलेको देखिन्छ । आफ्नै मातृभाषामा शपथ लिनेको उद्देश्य पवित्र हुँदाहुँदै पनि शपथ मात्रैले सम्बन्धित मातृभाषाको विकासमा कति योगदान गर्ला त ? यो सोच्नुपर्ने विषय हो ।

भाषाको विकास र संरक्षणका लागि विगतमा चुइँक्क नबोलेका र कुनै योगदान नदिएका व्यक्तिले अचानक शपथमा मात्रै भाषिक मोह देखाउनु भनेको मातृभाषिक वक्ताहरूसँग साखुल्ले हुन खोज्नु मात्र हो । भाषाका आडमा राजनीति गर्न खोज्नु हो । शपथको बहानामा भाषालाई उपयोग गरी सस्तो लोकप्रियता कमाउन खोज्नुभन्दा बढी केही होइन । भाषाका माध्यमले राजनीति गर्न खोज्नु हो । भाषामा राजनीतिको रङ छ्याप्नु हो ।

**सोभियत संघ र पपुवा न्युगिनीबाट सिक्ने कि ?**

बहुभाषी मुलुक नेपालका भाषाहरूको अवस्था विविधतामयी छ । अत्यन्त कम भाषा मात्र विकसित अवस्थामा छन् । देशमा प्रचलित भाषाहरूमध्ये धेरै भाषाको अवस्था संकटोन्मुख छ । विभिन्न समयमा भएका राजनैतिक परिवर्तनपछि भाषा, संस्कृति, शिक्षा संरक्षण तथा सम्वर्द्धनका लागि राजनैतिक दलहरूले चर्को भाषण गर्दछन् घोषणापत्र, ऐन, कानुनमा निकै महत्व दिई ती विषयले प्रवेश पाउँछन् तर व्यवहारमा तिनको कार्यान्वयन हुँदैन । विश्वका विभिन्न देशका उदाहरण हेर्दा मातृभाषाको संरक्षणमा राजनैतिक नेतृत्वले प्राथमिकता दिएको देखिन्छ ।

बहुभाषिकता र मातृभाषाको विकासको सन्दर्भमा उदाहरणीय कार्य गरेका दुई वटा राज्य सोभियत संघ र पपुवा न्युगिनीको प्रसंगलाई नेपालका सन्दर्भमा जोडेर हेर्न सकिन्छ । सोभियत संघमा १३० भाषाहरू प्रचलित थिए । अक्टोबर क्रान्ति (सन् १९१७) भएपछि लेनिन रूसी राष्ट्रभाषिक अनिवार्यताको विपक्षमा उभिए । उनले बुदउँ द कुर्तने लगायतका भाषा वैज्ञानिकहरूको सहायता लिई त्यहाँ प्रचलित सम्पूर्ण मातृभाषाको विकासमा योगदान दिए ।

तत्कालीन समयमा बहुप्रचलित रूसीको महत्व र महानतालाई स्वीकार गर्दागर्दै पनि उक्त भाषालाई राष्ट्रभाषाको मान्यता नदिई सबै भाषाको समान अधिकार हुनुपर्दछ, राज्यको मातृभाषाको प्रयोग राज्यका विभिन्न निकायमा गर्न पाउनुपर्दछ र सबै मातृभाषी वक्तालाई आफ्नै मातृभाषामा शिक्षाको अवसर पाउनुपर्दछ भन्ने कुरालाई निकै महत्वका साथ अगाडि सार्दै कार्यान्वयन पनि गरियो । यसका लागि आवश्यक बजेट राज्यबाट व्यहोरियो ।

नेपालमा पनि वि.सं. २०४६ को आन्दोलनपछि नेपाली भाषाको राष्ट्रभाषाको अनिवार्यतालाई अन्त्य गर्दै राज्यमा प्रचलित सबै मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता दिइयो, वि.सं. २०४७ को संविधानले नै प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा लिन पाउने व्यवस्था गऱ्यो । त्यसपछिका संविधानले राष्ट्रभाषिक अनिवार्यताको प्रावधान हटाउने उक्त कार्य तथा मातृभाषामा शिक्षा लिन पाउने र त्यसका लागि विद्यालय स्थापना र सञ्चालन गर्न पाउने अधिकारलाई निरन्तरता दिए ।

वर्तमान संविधानले नेपाली भाषालाई सरकारी कामकाजको भाषा तोक्दै नेपाली भाषाबाहेकका अन्य प्रदेशमा प्रचलित धेरै जनसंख्याले प्रयोग गर्ने एक वा एकभन्दा बढी भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिनसक्ने व्यवस्था गऱ्यो ।

*बाँकी पृष्ठ-३...*

# स्वार्थ बाझिने गृह मन्त्रालयमा रविको प्रवेश

काठमाडौं/राजनीतिक यात्रा सुरु गरेको ६ महिना नपुग्दै सरकार सञ्चालन कुर्सीमा पुगे रवि लामिछाने । बाँकी मन्त्रालयको भागवण्डापछि मिलाउने सहमति गर्दै लामिछानेले सोमबार उपप्रधानमन्त्रीको हैसियतमा गृह मन्त्रालयको जिम्मेवारी पाए ।

दौरा सुरुवालमा ठाँटिएर लामिछाने गृहमन्त्रीको पदभार सम्हाल्न सिंदरबारस्थित मन्त्रालय नपुग्दै उनको स्वागतार्थ मन्त्रालयको ढोकामा उभिए राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झा ।

मन्त्रालयका सचिव र कर्मचारीसँगै लामिछानेलाई स्वागत गर्ने लाइनमा रास्वपाको घोषणापत्र लेखनमा सक्रिय रहेका अरनिको पाँडे पनि खडा भए ।

घोषणा पत्र लेखनका दुई हस्तीको हार्दिकतासहित मन्त्रालय छिरेका लामिछानेले ४ वर्ष पुरानो निर्मला पन्त बलात्कारपछि हत्या प्रकरणको फाइल खोल्ने निर्णय गरे । साउन २०७५ मा बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको अपराधी अझै पत्ता लागेको छैन । प्रहरीले यो घटना अझै अनुसन्धानका क्रममा रहेको बताउँदै आएको छ ।

मन्त्रीको कुर्सीमा बस्नेबित्तिकै लामिछानेले मन्त्रालयका कर्मचारीलाई भने, 'निर्मला पन्तको न्यायका लागि थप पहल गर्ने गरी, अलि तदारुकता देखाउने गरी, त्यसमा के भइरहेको छ भन्ने अपडेटसहित न्यायका लागि अधिकतम पहल गर्ने पहिलो निर्णय बनाउँ ।'

सञ्चारकर्मी हुँदादेखि नै निर्मला न्यायको विषय उठाइरहेको हुँदा आफ्नो पहिलो निर्णय निर्मलाका निम्ति न्याय भएको उनले सुनाए । आमनागरिकले गृह प्रशासनसँग जोडिएका विषयमा अत्याधिक सास्ती भोगेको देखेको हुँदा ती समस्या समाधानका लागि आफूले गृहमन्त्री पद रोजेको लामिछानेले सुनाए ।

न्यायमा आम नागरिकको सहज पहुँच निर्माण गर्न गृहमन्त्री भएको बताइरहँदा लामिछानेको नागरिकता र राहदानीको विषय यतिखेर अदालतमा पुगेको छ । यस विषयमा जिल्ला प्रहरी परिसर, काठमाडौंले पनि अनुसन्धान गरिरहेको छ ।



लामिछानेले खारेज भइसकेको नागरिकता पेश गरेर चितवन-२ बाट उम्मेदवार बनेको भन्दै छानबिन र कारवाहीको मागसहित ६ मंसिरमा गृह मन्त्रालयमा उजुरी परेको थियो । पछि सर्वोच्च अदालतमा पनि दुईवटा रिट परेको छ । गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई त्यसबारे बुझ्न पत्राचार गरेको थियो । प्रशासनले अनुसन्धान गर्नैपर्ने देखिएको भन्दै प्रशासनले जिल्ला प्रहरी परिसर, काठमाडौंलाई पत्राचार गरेको छ ।

लामिछानेले सन् २०१४ मा अमेरिकी नागरिकता लिएको र पछि त्याग गरेपछि नेपाली नागरिकता लिने प्रक्रिया अघि नबढाएको उजुरीमा उल्लेख थियो । तर, जसको नागरिकतामाथि छानबिन भइरहेको छ, उनै व्यक्ति तालुक मन्त्रालयको प्रमुख बनेर आएका छन् । यसले अब प्रशासनबाट उनीमाथि स्वतन्त्र र विश्वसनीय छानबिन हुनेमा आंशका छ । लामिछाने गृहमन्त्री भएपछि मुलुकको शासन प्रणालीमा भने एउटा गम्भीर प्रश्न उठेको छ । के नेपालमा स्वार्थको द्वन्द्व सम्बन्धी कानुन छैन भन्दैमा मनपरी गर्न पाइन्छ ? अध्येता किरण चापागाईं लोकतन्त्रलाई विश्वासिलो बनाउने र सरकारी संस्थाहरुको विश्वसनीयता बढाउने हो भने स्वार्थको द्वन्द्व नियन्त्रण गर्ने कानुन तत्काल चाहिन्छ भन्ने यसले पुष्टि गरेको बताउँछन् । उनी भन्छन्, 'लामिछाने गृहमन्त्री भएपछि अनुसन्धान प्रभावित हुने सम्भावना देखियो । त्यसैले यहाँ सम्भावित स्वार्थको द्वन्द्व हुने प्रष्ट भयो ।'

चापागाईंका अनुसार अब गृह प्रशासनले लामिछानेको नागरिकता प्रकरणमा दिने प्रतिवेदनलाई जनताले विश्वास नगर्ने सम्भावना रहन्छ । उनले भने, 'आफ्नो गृहमन्त्री माथि छानबिन गर्न प्रशासन संयन्त्र प्रभावित भएन होला भनेर कसरी विश्वास गर्ने ? उनको निजी स्वार्थमा संयन्त्र प्रभावित हुने खतरा देखियो । यो सम्भावित स्वार्थको द्वन्द्व हो ।'

पूर्वन्यायाधीश गौरी बहादुर कार्की आफूसँग सरोकार भएको विषयमा निर्णय गर्ने तह वा पदमा कुनै व्यक्ति पुग्यो भने त्यहाँ स्वार्थको द्वन्द्व हुने बताउँछन् । संयुक्त राष्ट्रसंघको अभिसन्धिले नै यस्तो स्वार्थको द्वन्द्व हुने काम गर्नु हुँदैन भन्ने व्यवस्था गरेको उनको भनाइ छ ।

'प्रहरीले अनुसन्धान गरिरहेको व्यक्ति नै गृहमन्त्री जस्तो शक्तिशाली पदाधिकारी हुँदा अनुसन्धान त प्रभावित हुन्छ नै । अनुसन्धान गर्ने निकाय र अधिकारीहरुलाई पनि मन्त्रीमाथि प्रश्न उठाउन गाह्रो हुन्छ', कार्कीले भने, 'यसले गर्दा अधिकार प्राप्त निकायले तहकिकात अघि बढाउन सक्दैन । त्यस्ता पदाधिकारी विरुद्ध जान नसक्ने अवस्था भएपछि त अनुसन्धान नै नहुने र त्यसले विधिको शासन प्रत्याभूत हुन नसक्ने अवस्था सिर्जना गर्छ ।'

कार्कीको विचारमा राजनीतिक नेतृत्व यसमा जानकार नभएको हैन । महान्याधिवक्तादेखि सरकारका कानुनी सल्लाहकारहरुले यसबारे सजग गराइदिनुपर्ने हो । उनी भन्छन्, 'तर, यो देशमा जे गरे पनि हुन्छ भनेर विधि मिचेरै गर्ने परम्परा छ । अहिले पनि भएको त्यही हो ।'

अधिवक्ता राजुप्रसाद चापागाईको विचारमा लामिछानेले अरु कुनै मन्त्रालय लिएको भए यसरी प्रश्न उठ्ने थिएन । उनका अनुसार, आफूमाथि छानबिन गर्ने निकायवारे जानकार भएका उनले त्यसको तालुक मन्त्रालयको नेतृत्व सम्हाल्न इन्कार गरेको भए नैतिकता देखिने थियो । नेपालले भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय अभिसन्धी अनुमोदन गरेको छ । र, करिब ११ वर्षअघि भ्रष्टाचार विरुद्धको कार्ययोजना बनाएर 'स्वार्थको द्वन्द्व' सम्बन्धी कानून बनाउने तयारी गरेको थियो ।

पदभार ग्रहणका क्रममा पत्रकारहरुले स्वयं लामिछानेलाई पनि सोधेका थिए, 'तपाईंको नागरिकता माथि छानबिन हुँदैछ, तपाईं नै गृहमन्त्री बनेपछि स्वार्थको द्वन्द्व हुन्छ कि हुँदैन ?' जवाफमा लामिछानेले भने, 'चाहे म हुँ, चाहे क्याबिनेटका अरु मन्त्रीहरु हुन् कसैलाई विभेद नगरी स्वतन्त्र ढंगले हरेक कुराको छानबिन गर्ने अधिकारमा मेरो सहयोग बाहेक अरु केही हुँदैन ।'

नागरिकता र राहदानी छानविनको विषयमा मन्त्रिको हैसियतमा आफूले हस्तक्षेप नगर्ने वाचा लामिछानेको छ । 'अदालतका विषयमा मैले सघाउने हो । त्यसमा अरु नागरिकलाई जस्तो हुन्छ मलाई पनि त्यस्तै हो,' गृहमन्त्रीको कुर्सीमा बस्दै गर्दा लामिछानेले सुनाए, 'यसमा मलाई विशेष सुविधा चाहिँदैन । म अरुको विषयमा जति निर्मम छु, आफ्नो विषयमा पनि त्यति नै निर्मम छु ।'

गृहमन्त्रीका रुपमा आफूले न्यायमा आम नागरिकको पहुँच पुऱ्याउन पहल गर्ने बताइरहँदा उनले मन्त्रालयका कर्मचारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखलाई व्यक्तिलाई नभई प्रणालीलाई काम गर्न दिने वाचा गरे ।

क्याबिनेटभित्रै पनि आफ्नो दल प्रतिपक्षी हुने अनौठो 'कन्सेप्ट' सुनाए लामिछानेले । 'क्याबिनेटमा पनि खबरदारी नै गर्छौं, त्यहाँ पनि प्रतिपक्षीको भूमिकामै हुन्छौं,' लामिछानले प्रष्ट्याए, 'त्यसकारण सरकारले गरेको काममा हो मा हो मिलाउने मात्र भूमिका हुँदैन । क्याबिनेटले गरेका सबै काममा हाम्रो हो मा हो हुँदैन । हामी हो मा हो भन्न सहभागी भएका होइनौं ।'

आफूहरु जनताको मालिक नभई सेवक भएको बताइरहेका लामिछानले मन्त्रिका रुपमा आफ्नो पदको दुरुपयोग हुन नदिनेमा सबैलाई विश्वस्त हुन अनुरोध गरे । सरकारले गर्ने कामहरुको सामूहिक प्रतिवद्धतापत्र केही दिनमा सार्वजनिक गरेर त्यही अनुसार काम गर्ने योजना रहेको उनले सुनाए ।

मन्त्रालय मातहतका सेवा चुस्तदुरुस्त बनाउने बताइरहेका लामिछानेले आफूसँग नागरिकको अपेक्षा रहेको र त्यो पूरा गर्न द्रुत गतिमा काम गर्ने सुनाए । 'यो जनताको आशा र भरोसाको कुर्सी हो, यसमा मूर्ति आएर बस्ने होइन । त्यसैले चुस्त दुरुस्त द्रुत गतिमा काम गर्नुपर्छ,' लामिछानेले आफ्नो चिरपरिचित शैलीमा सुनाए ।

सेवा प्रवाहको विषयमा कुनै पनि आग्रह र पूर्वाग्रह नहुने बताउँदै उनले सहज सेवाका लागि टाईम कार्ड लागु गर्ने समेत सुनाए । गृहमन्त्रीको कुर्सीमा बसेर टाइम कार्ड लागु गर्ने सुनाइरहँदा उनको पहिलो क्याबिनेट बैठक भने तोकिएको समयभन्दा करिब २ घण्टा ढिला सुरु भयो ।

*(स्रोत: अनलाइखबर)*

# आफैंले खोलेको थैलीको मुख कस्नुपर्ने दबावमा अर्थमन्त्री

काठमाडौं/एमाले उपाध्यक्ष विष्णु पौडेलले अर्थमन्त्रीमा तेस्रोपटक पदभार ग्रहण गर्दै भनेका छन्, 'अर्थतन्त्र संकटको डिलमा छ, समस्या समाधानमा लाग्छु ।' जबकि, सोमबार अर्थमन्त्रालयबाट विदा हुनुअघि पत्रकारसँग कुरा गर्दै पूर्वअर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्र सुधारोन्मुख भएको दावी गरेका थिए ।

यसले देखाउँछ, आइतबार बनेको नयाँ सत्ता गठबन्धनका नेताहरु नै अर्थतन्त्रको अवस्थाबारे एकमत छैनन् । यस्तो अवस्थामा यसअघि पनि दुई पटक अर्थ मन्त्रालय सम्हालिसकेका पौडेल करिब डेढ वर्षपछि फेरि अर्थको नेतृत्वमा फर्किन पाएका छन् ।

पौडेलले नाकाबन्दी र भूकम्पपछि अर्थमन्त्रीका रुपमा पहिलो कार्यकाल पूरा गरेका थिए । उनको दोस्रो अर्थमन्त्री काल कोभिड-१९ महामारीको समयमा परेको थियो । पौडेललाई तेस्रो कार्यकालमा तुलनात्मक सहज त होला, तर यो चुनौतीरहित भने देखिन्न ।

उनले सुरुमा नै यसअघि आफ्नै कार्यकालमा लिएका उदार नीति र निर्णयहरुदेखि यसअघिको सरकारले गरेका त्रुटिपूर्ण नीतिहरुको समीक्षा र पुनरावलोकन गर्नुपर्ने अवस्था छ । पूर्वअर्थसचिव रामेश्वर खनाल लक्ष्यअनुसार राजस्व उठ्न नसकेको र चालु खर्चमा ठूलो कटौती समेत गर्न नसकिने अवस्था भएकाले खर्चको प्रभावकारिता बढाउन अर्थमन्त्रीको ध्यान केन्द्रित हुनुपर्ने बताउँछन् ।

चालु आर्थिक वर्षको ५ महिना (साउनदेखि मंसिर मसान्तसम्म) भन्सार राजस्व २९ प्रतिशतले घट्दा मूल्य अभिवृद्धि कर साढे १५ प्रतिशतले घटेको छ । यसले आयातीत सामानमा लाग्ने भ्याट घटे पनि आन्तरिक कारोबारको भ्याट नघटेको स्पष्ट गर्छ । आन्तरिक गतिविधि धेरै नखस्किंदा पनि आय कर भने ९ प्रतिशत र गैरकर राजस्व २३ प्रतिशतले कम छ ।

'राजस्वको अहिलेको परिदृश्य अर्थमन्त्रालय बिग्रिएको कारण देखिएको हो', उनी भन्छन्, 'अर्थमन्त्रालयको प्रशासनिक संरचना सुधार्दै आर्थिक सुशासन कायम गराउन नै नयाँ अर्थमन्त्रीले काम गर्नुपर्छ ।' अर्थविद केशव आचार्य पनि राजस्वले चालु खर्च नधान्ने अवस्थालाई ध्यानमा राखेर चालु खर्च कटौती अर्थमन्त्रीको पहिलो कर्तब्य हुनुपर्ने बताउँछन् ।

अर्थतन्त्रको बाह्य क्षेत्रको स्थायित्व सुनिश्चित नभई राजस्वको लोभमा खोलिएको आयात प्रतिबन्धले थप समस्या ल्याउने उनको भनाइ छ । आयात प्रतिबन्ध खोल्नासाथ केही अर्बमा मात्रै बचतमा रहेको शोधनान्तर पुसभित्रै घाटामा जाने उनको विश्लेषण छ ।

'यो अवस्थामा कम्तीमा योजनावद्ध ढंगले सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सुरु गरेमा केही वर्षभित्रै ४ खर्ब खर्च घटाउन सकिन्छ', अर्थविद् आचार्य भन्छन्, 'अर्थमन्त्रीले विगतमा जसरी लोकप्रिय हुने गरी वितरणमुखी योजनामा ध्यान दिनुभयो भने जटिलता थपिन्छ ।'



## पौडेललाई अर्को मौका

पौडेलको विगत हेर्दा उनी आर्थिक अनुशासन कायम गराउन उति धेरै चासो दिने अर्थमन्त्री होइनन् । यसअघि उनकै कार्यकालमा लिइएका उदार र वितरणमुखी नीतिहरुको समयमै समीक्षा नगरिंदा अर्थतन्त्रमा अहिले अनेकन समस्या थपिएका हुन् ।

२८ असोज २०७७ मा मुलुक कोरोना महामारीले आक्रान्त रहेका बेला पौडेल अर्थमन्त्री भएका थिए । त्यतिबेला आयात घटेर बाह्य क्षेत्र कम दबावमा थियो, अर्थतन्त्रलाई विस्तार गर्ने नाममा पौडेलले त्यसअघिका अर्थमन्त्री डा. युवराज खतिवडाले कसेको थैली खुकुलो पारेका थिए ।

अर्थात् उनले महामारीले अर्थतन्त्र अभूतपूर्व संकटमा रहेका बेला विभिन्न बिलासी वस्तुमा गरिएको आयात कडाइलाई खुकुलो पार्ने, मरिच, सुपारी, केराउ र छोकडा आयात खुला गर्ने, महँगा विद्युतीय सवारी साधनको कर घटाउने, दैनिक १० केजी रहेको सुन आयातको कोटा २० केजी पुऱ्याउने निर्णय गरेका थिए ।

बजेट खर्च बढाउने नाममा आर्थिक वर्षको अन्तिममा पौडेलले विकास बजेटको व्यापक रकमान्तर गरेका थिए । सयौं सरकारी कार्यालयका लागि गाडी किन्ने काम त्यतिबेलै भएको थियो । पौडेलले राजनीतिक लाभका लागि तयारी नै नपुगेका कयौं आयोजनालाई ठेक्काका लागि बहुवर्षीय स्रोत सुनिश्चितता समेत दिएका थिए । जसको जगमा पूर्वतयारी नपुगेका ४ खर्बभन्दा बढी लागतका आयोजना शिलान्यास गरिएका थिए ।

महामारीकै बेला सामाजिक सुरक्षा भत्ता, कर्मचारीको तलब बढाउने, सीमित व्यापारिक घरानालाई फाइदा हुने गरी कर सहुलियत र लोकप्रिय कार्यक्रम राखेर पौडेलले १४ जेठ २०७८ मा बजेट समेत ल्याएका थिए । राष्ट्र बैंकले पनि महामारीबाट प्रभावितका लागि भनेर ठूलो मात्रामा सस्तो ब्याजको पुनकर्जा वितरण गरिरहेको सुविधालाई निरन्तरता दिने गरी पौडेलले नीतिहरु बनाएका थिए ।

पौडेलले खल्बलाएको आर्थिक तथा वित्तीय अनुशासनलाई त्यसपछि बनेका अर्थमन्त्री जनार्दन शर्माले सम्हाल्नुको साटो थप गिजोल्ने काम गरे । यस्ता उदार र अर्थनीतिहरुका कारण प्रणालीमा सस्तो ब्याजदरको पैसाको प्रवाह बढेर आयात उच्च दरमा बढेको थियो । यसअघिको सरकारले समयमै चासो नदिएका कारण अर्थतन्त्रको बाह्य क्षेत्रलाई समस्याको घेरामा मात्रै पारेन, आयात प्रतिबन्ध सम्मको अति नियन्त्रणमुखी नीतिसम्म लिनुपर्ने अवस्था सिर्जना भयो ।

पूर्वअर्थसचिव खनाल विगतमा पौडेल आफैंले लिएका कतिपय नीतिहरु अब सुधार्दै जानुपर्ने बताउँछन् । तर, यसमा पौडेलभन्दा बढी जिम्मेवार नेपाल राष्ट्र बैंक हुने उनको भनाइ छ ।

अहिले महंगी ८ प्रतिशत माथि पुगेको छ । आन्तरिक अर्थतन्त्रलाई दरिलो बनाउनसक्ने कृषि क्षेत्र उपेक्षित छ । किसानले समयमै मल, बीउ, पूँजी र बजार पाउन सकेका छैनन् । सक्रिय श्रमशक्तिको लाभ उठाउन देश असफल छ । स्वरोजगारी प्रवर्द्धन हुन सकेको छैन, व्यवसायमा आउने नयाँ पुस्तालाई प्रोत्साहन र संरक्षण गर्ने सरकारी नीति-विधि नै छैन ।

रोजगारीका लागि युवा विदेश जानैपर्ने बाध्यतामा छन् । वैदेशिक रोजगारीले धानिएको रेमिट्यान्सबाहेक अर्थतन्त्रका अधिकांश सूचकहरू नकारात्मक छन् ।

समस्याग्रस्त बनेको अर्थतन्त्रको बाह्य क्षेत्रका चुनौती पनि उस्तै विकराल छ । पछिल्ला महिनाहरूमा विदेशी विनिमय सञ्चिती केही सुधारिए पनि यसको दिगोपनमाथि प्रश्न बाँकी नै छन् । आयात प्रतिबन्धको प्रभावले शोधनान्तर बचततर्फ उन्मुख भए पनि स्थायित्व कायम गर्न चुनौती छ । व्यापार घाटा कम गर्दै नलगे अर्थतन्त्रको बाफय क्षेत्र झन् समस्यामा फस्ने निश्चित छ ।

यस्तो जटिला समयमा नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच मौद्रिक तथा आर्थिक नीतिहरूबीच तालमेल छैन । बैंकिङ क्षेत्रमा तरलताको अभाव चर्किएको छ । जसले पाइपलाइनमा रहेका लगानी पनि पछाडि धकेलिएका छन् । ब्याजदर १० वर्षयताकै उच्च (१२.६५ प्रतिशत) सम्म पुगेको छ । अर्थतन्त्रका वाफय क्षेत्रको चाप कम हुँदा सरकारी वित्त र वास्तविक क्षेत्र समस्यामा छन् । बजारमा हुने वस्तु तथा सेवाको माग र कारोबारमा गिरावट आएको छ । यस्तो गिरावटले अर्थतन्त्रमा नै संकुचन आउने चेतावनी व्यवसायीहरुले दिइरहेका छन् ।

सरकारी लक्ष्यअनुसार राजस्व असुली भएको छैन, जसले सरकारी खर्चमा चाप परेको छ । राजस्व गत वर्षको तुलनामा ९० अर्ब र लक्ष्यको तुलनामा १ खर्ब ३० अर्बले कम राजस्व उठेको छ । सरकारलाई चालु खर्च गर्न नै स्रोत जुटाउन हम्मेहम्मे परिरहेको छ । चालु आर्थिक वर्षको करिब साढे पाँच महिनामा १० प्रतिशत मात्रै पूँजीगत खर्च गर्न सकेको छ ।

*(स्रोत: अनलाइखबर)*

# शपथमा भाषामोह कि...

यद्यपि नेपाली सरहको मान्यता पाएका अन्य धेरै मातृभाषाको विकास र ती भाषामा शिक्षा दिने कार्यमा ठोस प्रगति हुनसकेको छैन ।

विश्वकै सर्वाधिक करिब ८५० भाषा बोलिने स-साना टापुबाट बनेको राष्ट्र पपुवा न्युगिनी बहुभाषिकता र मातृभाषाको संरक्षणका लागि उत्कृष्ट कार्य गर्ने अर्को उदाहरणीय राष्ट्र हो ।

त्यहाँ सन् १९५५ तिरबाटै लेखपढको एकलौटी भाषाको रूपमा अंग्रेजी भाषा प्रचलनमा रहेको थियो । सम्पर्क भाषाका रूपमा उत्तर र दक्षिणी भागमा क्रमश: तोक पिजिन र हिरी मोतु गरी दुई पिजिन भाषा प्रचलित थिए । सन् १९९० को दशकमा तीन वटा भाषा (अंग्रेजी, पिजिन र मातृभाषा) लाई शिक्षाको माध्यमको रूपमा मान्यता दिंदै मातृभाषा संरक्षणको कार्य प्रारम्भ भयो ।

मातृभाषा शिक्षण लागू गर्नुअगाडि जनतासँग व्यापक छलफल, पूर्वपरीक्षण गर्दै क्रमिक रूपमा जातीय, स्थानीय आवश्यकता र सान्दर्भिकतालाई ख्याल गर्दै स्थानीय इच्छा, सामुदायिक सहभागिता र स्वामित्वमा मातृभाषिक शिक्षा कार्यक्रम सञ्चालन गरियो ।

आर्थिक दृष्टिले कमजोर राष्ट्र भएकाले कम खर्चमै स्थानीय संस्था र स्थानीय शिक्षकहरूको समेत भरपूर सहयोग लिंदै करिब १५ वर्षको सुधार अभियानले ५०० वटा मातृभाषामा सफलतापूर्वक प्राथमिक तहको शिक्षा दिने कार्य भयो । समुदायको साथ-सहयोगसहित सञ्चालित मातृभाषा शिक्षाले साक्षरता बढाउन समेत निकै ठूलो भूमिका निर्वाह गऱ्यो ।

बहुभाषिक राष्ट्र नेपालले पपुवा न्युगिनीबाट धेरै कुरा सिक्न सक्छ । सोभियत संघमा जस्तो राज्यले पर्याप्त लगानी गर्न सक्ने अवस्था नेपालमा नभएकाले कम खर्चमै समुदायको साथ लिएर मातृभाषिक शिक्षा सञ्चालन गर्दै मातृभाषा संरक्षण र विकासका लागि सुधारको अभियान थालिसक्नुपर्ने थियो । यसका लागि पपुवा न्युगिनी मोडेल नेपालका मातृभाषाको संरक्षण र विकासका लागि राम्रो नमूना हुनसक्छ ।

यी दुवै राज्यमा मातृभाषा संरक्षण र विकासका कार्यमा राजनैतिक नेतृत्वले चासो र अग्रसरता लिएको देखिन्छ । तर हाम्रोमा राजनैतिक नेतृत्वको प्राथमिकताको विषय मातृभाषा र शिक्षा परेन । मूलत: माओवादीले गरेको सशस्त्र संघर्षका क्रममा जातीय पहिचानको मुद्दा निकै चर्चामा आए पनि भाषिक संरक्षण र विकासको कार्यले प्राथमिकता पाएन ।

अन्तर्राष्ट्रियस्तरमा भएका भाषा संरक्षणका कार्यले गर्दा नेपालमा मातृभाषिक वक्तामा पनि भाषा संरक्षणप्रतिको चासो बढेको भने देखिन्छ । यद्यपि राजनैतिक नेतृत्वले प्राथमिकता नदिंदा तथा मातृभाषिक वक्ताको सार्थक प्रयासको अभावमा भाषा संरक्षण र विकासका कार्य सशक्त रूपमा अगाडि बढ्न सकेनन् ।

नेपालले बहुभाषिक नीति अवलम्बन गरेको तीन दशकको समयमा मातृभाषाको संरक्षणका दिशामा सार्थक प्रयास हुनसकेका छैनन् । मातृभाषाको संरक्षणमा आफूले ठोस योगदान नदिए पनि मातृभाषिक वक्तामा भएको मातृभाषा प्रतिको चासोलाई हाम्रा राजनैतिक व्यक्तित्वले राम्ररी बुझेका छन् ।

जनताको भावना, चाहना र आकांक्षालाई मध्यनजर गर्दै चर्का भाषणबाजी गर्दै जनताको मत जितेर काम नगर्ने नियति भाषाका सन्दर्भमा पनि लागू भएको देखिन्छ । मातृभाषामा शपथ यसको एक दृष्टान्त हो ।

**बदलियो व्यवस्था, बदलिएन अवस्था**

नेपालमा पछिल्लो समयमा राजनैतिक व्यवस्थाको परिवर्तन आयो, जनता अधिकारसम्पन्न हुँदैगए तर यहाँको भाषा र संस्कृति कमजोर हुँदैगयो । सम्बन्धित भाषाका वक्ता राजनैतिक नेतृत्वमा पुगे तर भाषा र संस्कृतिको महत्व बुझेर पनि तिनको संरक्षणमा गर्ने कार्यहरू प्रभावकारी हुनसकेका छैनन् । यहाँ प्रचलित धेरै भाषाका मातृभाषिक वक्ताहरू तीव्र रूपमा घट्दै गएका छन् ।

मातृभाषी वक्तामा पनि भाषा संरक्षणको भोक जागेको छैन, जगाउन सकिएको छैन । जातिअनुसारको भाषा र भाषा अनुसारको संस्कृति भएको मुलुकमा भाषाको सम्बन्ध सिंगो जातिको संस्कृति र सभ्यतासँग जोडिएको छ । सम्बन्धित भाषाका वक्ताले आफ्नो जातिले बोल्ने भाषालाई आफ्नो पहिचानका रूपमा लिन्छन् । अझ भनौं भाषाका माध्यमबाट आफ्नो पहिचान खोज्छन् । यद्यपि प्रयोगका तहमा भने उनीहरू प्रभावशाली भाषातर्फ आकर्षित भइरहेका छन् ।

भाषासँग अपनत्व खोजेका मातृभाषीसँग भावनात्मक सम्बन्ध गाँस्न नेताहरूले चलाखीपूर्वक मातृभाषाको शपथको बाटो रोजेका हुन् । त्यसो त मातृभाषामा शपथ लिने सबैले यही कारण गरे भन्न चाहिं मिल्दैन । अन्य समयमा सम्बन्धित मातृभाषाको विकास, संरक्षण र सम्बर्द्धनमा माखो नमार्ने अनि शपथका बेलामा मात्र भाषालाई माध्यम बनाएर जनताको प्रतिनिधित्व गरेझैं गर्नु चाहिं भाषाको प्रचारका लागि भन्दा पनि आफ्नै प्रचारका लागि गरिएको छ ।

नेपालमा प्रचलित भाषाको संरक्षणको दिशामा भएका कार्यहरूको गति भन्दा तीव्र गतिमा भाषाहरू संकटतर्फ अगाडि बढेका छन् । त्यसैले यी भाषाहरूको संरक्षणका लागि राज्यले उचित लगानीको व्यवस्था गर्दै भाषा संरक्षणको कार्यलाई महत्व दिई भाषाका विकास र संरक्षणका लागि प्रभावकारी नीति, योजना तथा कार्यक्रम निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

व्यापक भाषिक सर्वेक्षण गरी भाषा, वक्ता संख्या र भाषाको वास्तविक प्रयोग अवस्थाको पहिचान गर्नुपर्दछ । अनि योजनाबद्ध रूपमा भाषाको अवस्थाअनुसार संरक्षणका लागि भाषिक गतिविधिमा बढोत्तरी, लिखित स्वरूपको विकास, वर्ण निर्धारण, लिपि निर्माण, शब्दकोश लेखन, व्याकरण निर्माण, प्रयोक्तामा चेतना विकास, मातृभाषामा शिक्षाको प्रबन्ध, अनुवाद, रूपान्तरण, आधुनिकीकरण, मानकीकरण, प्रयोगविस्तार जस्ता कार्यहरू गर्नुपर्दछ । यसका लागि राजनैतिक नेतृत्व सकारात्मक बन्नैपर्दछ ।

यसर्थ शपथ लिएर सस्तो लोकप्रियताको पछि दौडेका राजनैतिक व्यक्तित्वलाई भाषा संरक्षण र विकासको महत्व बुझाउन सक्नुपर्दछ । सम्बन्धित भाषाका वक्तामा पनि मातृभाषा प्रयोगप्रति रुचि र संरक्षणका लागि सकारात्मक सहयोग हुनुपर्दछ । यसो हुनसकेमा नेपालका मातृभाषा संरक्षणको दिशामा ठोस पहलकदमी हुनसक्छ । सम्बन्धित मातृभाषाका वक्ता विभिन्न सरकारी पदमा नियुक्त हुँदै गर्दा लिएको शपथ सार्थक ठहर्छ ।

बहुभाषिक राष्ट्रमा सबै मातृभाषिक वक्ताले शपथ मात्र नभई भाषाका माध्यमबाट विविध क्रियाकलाप गौरवका साथ गर्नुपर्दछ । यसैमा राज्यको अनि सबै भाषा, जाति र संस्कृतिको हित छ । राजनीतिक नेतृत्वबाट शिक्षा, भाषा, संस्कृति संरक्षण र विकासका मुद्दालाई प्राथमिकता दिई समुदायसँगको सहकार्य गर्दै मातृभाषामा शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउनुपर्दछ ।

यस क्रममा नेपाली र अंग्रेजी भाषालाई गाली नगरी नेपाली भाषालाई सबै मातृभाषीको सम्पर्क भाषा तथा राष्ट्रिय संस्कृतिको वाहक र अंग्रेजी भाषालाई अन्तर्राष्ट्रिय सम्पर्क र सम्बन्धको माध्यम भाषाका रूपमा यथारूपमा सम्मान र उपयोग गर्ने कार्यलाई उपयोग गर्नुपर्दछ । तसर्थ शपथको भाषाका बारेमा चिन्ता नगरौं । बरु भाषिक विकास र संरक्षणका बारेमा चिन्तन गरौं ।

*साभार: अनलाइनखबर*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेबसाइडमा: www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।



# जनकल्याणले जित्यो राष्ट्रपति रनिङशिल्ड



साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा भएको नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि जनकल्याण माविले जितेको छ ।

जनकल्याणले १५ स्वर्ण, ९ रजत र ५ कास्य पदक जित्दै प्रतियोगितामा प्रथम भएको हो । अघिल्लो प्रतियोगितामा पनि जनकल्याणले उपाधि जितेको थियो । जनकल्याणले एथलेटिक्स र करातेमा प्रथम स्थान हासिल गरेको छ । एथलेटिक्सतर्फ सुनौला मावि दोस्रो तथा झम्केश्वरी मावि तेस्रो भएको छ । करातेतर्फ बज्रवाराही मावि दोस्रो तथा स्वच्छन्द भैरव मावि तेस्रो भएको छ । छात्रा कबड्डीमा जनकल्याण मावि प्रथम, मत्स्य नारायण मावि दास्रो तथा इन्द्रायणी मावि र स्वच्छन्द भैरव मावि तेस्रो भएका छन् । छात्र कबड्डीतर्फ बज्रवाराही मावि प्रथम, इन्द्रायणी मावि दोस्रो र स्वच्छन्द भैरव मावि र बागेश्वरी मावि तेस्रो भए ।

जनकल्याण माविले १५ स्वर्ण, ९ रजत, ५ कास्य बटुल्दा सुनौला माविले ५ स्वर्ण, ३ रजत र ४ कास्य बनायो । ४ स्वर्ण, ४ र जत २ कास्य बज्रवाराही माविले जितेको थियो । झम्केश्वरी माविले ४ स्वर्ण, २ रजत र ४ कास्य पदक प्राप्त गरेको छ । नाट्यश्वरी माविले ३ स्वर्ण, २ रजतसहित ३ कास्य पायो । स्वच्छन्दभैरव माविले ३ स्वर्ण, १ रजत, ५ कास्य, बागेश्वरी माविले १ स्वर्ण, ९ रजत, ८ कास्य, मत्स्यनारायण माविले १ स्वर्ण, ३ र जत, १ कास्य, इअन एकेडेमीले १ स्वर्ण, १ रजत र १ कास्य, सुन्दरीदेवी माविले १ स्वर्ण र १ रजत, इन्द्रायणी माविले १ रजत १ कास्य पदक प्राप्त गरेको छ । सरस्वती विद्या मन्दिर, पालुङ भ्याली हार्ट र सरस्वती माविले कुनै पदक पनि जित्न सकेनन् ।

यसैगरी, सोमबार भएको पाचौं मेयरकप भलिवलमा छात्र तर्फको उपाधि स्वच्छन्दभैरव माविले जितेको छ । स्वच्छन्दले फाइनलमा जनकल्याणलाई पराजित गर्दै उपाधि जितेको हो । भलिवलमा मत्स्य नारायण माविले तेस्रो स्थान हात पारेको छ । स्वच्छन्दका इनेश बलामी उत्कृष्ट स्पाइकर, स्वच्छन्दकै प्रविण बलामी उत्कृष्ट लिफ्टर, जनकल्याणका सुदिप तामाङ उत्कृष्ट डिफेन्डर बन्न सफल भए । छात्रा भलिबलतर्फको उपाधि मत्स्यनारायणले जितेको छ । सुन्दरीदेवी माविले उपविजेतामा चित्त बुझाउँदा जनकल्याणले तेस्रो स्थान बनाउन सक्यो । मत्स्यनारायण माविकी निशा स्याङ्तान उत्कृष्ट खेलाडी, रेविका स्याङ्तान उत्कृष्ट स्पाइकर र बिना घलान उत्कृष्ट सेटर चुनिए ।

प्रतियोगितामा विजेता विद्यालय र विद्यार्थीलाई थाहा नगर पालिकाको प्रमुख बिष्णुबहादुर बिष्टले शिल्ड, मेडल, प्रमाणपत्र तथा ट्रफी प्रदान गरेका थिए । थाहा नगर पालिका खेलकुद विकास समिति संयोजक टिकाराम स्याङ्तानको सभाध्यक्षतामा भएको समापन समारोहमा थाहा नगर शिक्षा समिति संयोजक तथा वडा नम्बर ६ का अध्यक्ष राजनभक्त श्रेष्ठ, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, बज्रबाराही माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष कल्पना बलामी, संस्थापक अध्यक्ष कृष्णभक्त श्रेष्ठलगायतको आतिथ्यता थियो ।

थाहा मेयर बिष्टले स्थानीय स्तरमा रहेका खेलाडीको क्षमता अभिवृद्धिका लागि नगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरिएको मेयर बिष्टले बताए । प्रतियोगितामा नगरपालिकास्थित १४ वटा विद्यालयको सहभागिता र हेको थियो । प्रतियोगिताको व्यवस्थापन बज्रवाराही माविले गरेको थियो ।

# चक्कु प्रहार गरेर बेपत्ता भएका दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ मकवानपुर प्रहरीले प्रहरीकै सामुन्ने चक्कु प्रहार गरेर बेपत्ता भएका दुईजनालाई पक्राउ गरेको छ ।

गत मंसिर २६ गते प्रहरीकै सामुन्ने चक्कु प्रहार गरेर बेपत्ता भएका दुईजनालाई मकवानपुर प्रहरीले दुई हप्तापछि पक्राउ गरेको हो । बागमती प्रदेशको राजधानी हेटौंडाको वडानम्बर २ आर्थिक मन्त्रालयको गेटमा प्रहरीकै सामुन्ने सामान्य आपसी भनाभनपछि चुक्कु प्रहार गरि बेपत्ता रहेका हेटौडाका अशिम बर्तौला र हेमन्त थापा मगरलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रदेश३-०१-०२३ च ६१५३ नं.को निशान गाडिमा सवार हेटौंडा ६ कमाने बस्ने ३० बर्षिय अशिम बर्तौला र हेटौंडा ५ सानोपोखरा बस्ने २५ बर्षिय हेमन्त थापा मगरले हेटौंडा २ सिचाई टोल बस्ने वर्ष ३० बर्षको डानियल न्यौपानेलाई कोखामा चक्कु प्रहार गरी घाईते गराई फरार रहेका थिए ।

घाईतेलाई उपचारको लागि हेटौंडाको सहकारी अस्पताल पठाएकोमा अवस्था गम्भिर भएकोले २८ गते चितवन स्थित भरतपुर मेडिकल कलेज लगिएको थियो । चक्कु प्रहार गर्ने बर्तौला र थापा मगरलाई ज्यान मार्ने कसुरमा मुद्धा दर्ता भएको छ र हाल प्रहरी हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रवक्ता टेक बहादुर कार्कीले बताए ।

# बकैयामा नि:शुल्क दन्त शिविर





साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ हेटौंडामा रहेर जिल्लाभर सामाजिक क्षेत्रमा क्रियाशील लायन्स क्लबहरुको संयुक्त आयोजनाबाट बकैया गाउँपालिकामा नि:शुल्क दन्त शिविर सञ्चालन भएको छ ।

लायन्स क्लब अफ नेपालको रिजन-११ र जोन-२१ अन्तर्गत रहेका लायन्स क्लब अफ हेटौंडा सुर्योदय, लायन्स क्लब अफ हेटौंडा सुर्योदय राइजिङ, लायन्स क्लब अफ हेटौंडा योङ ग्यालेक्सी र लायन्स क्लब अफ हेटौंडा सुर्योदय प्लसको संयुक्त आयोजनामा बकैया अस्पतालमा शिविर संचालन भएको हो ।

दन्त शिविरमा १ सय ५० जना सेवाग्राहीलाई सेवा दिइएको शिविर कार्यक्रम संयोजक असिम पौडेलले जानकारी दिए । शिविर लाई हेटौंडा उपमहानगरपालिका-१ मा रहेको अल्फा डेन्टलले प्राविधिक सहयोग र सक्षम फार्मेसीले औषधि लगायतका स्वास्थ्य सामग्रीको सहयोग गरेको थियो ।

शिविरमा जिल्ला युवा समितिका अध्यक्ष शिवहरि दाहाल, लायन्सका नेताहरु प्रकाश सुवेदी, किशन घिसिङ, जीवन मैनाली, सम्राट सिलवाल, पृथ्वी नेपाल लगायतको उपस्थिति रहेको थियो ।

लायन्सको सुर्योदय परिवारले आफनो नियमित सामाजिक कार्यअन्तर्गत रक्तदान कार्यक्रम, विद्यालयमा पोशाक तथा स्टेशनरी वितरणलगायतको विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको संयोजक पौडेलले जानकारी दिएका छन् ।

# कांग्रेसमा दलको नेता छान्ने निर्वाचन प्रक्रिया आजबाट सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको निर्वाचन बुधबार हुँदैछ ।

संसदीय दलको नेता चयन गर्न गठित समितिले दलको नेता चयनको भोली बुधबार निर्वाचन गर्न लागेको हो । चन्द्र महर्जनको संयोजकत्वमा रहेको समितिले संसदीय दलको कार्यालय हेटौंडा परिसरमा निर्वाचन गर्ने निर्णय गरेको थियो । समितिले पुस १३ गते भोली दिउँसो २ देखि ३ बजेसम्मका लागि मतदानको समय तय गरेको छ ।

संसदीय दलको नेता निर्वाचन सम्बन्धी कार्यक्रम आज मंगलबार गते दिउँसो १ बजे मतदाता नामावली प्रकाशन गरिने बताइएको छ । आजै दिउँसो २ देखि ३ बजेसम्म मतदाता नामावली उपर दावी विरोध (छुट वा सच्याउने) को समय रहेको छ । पुस १३ गते बिहान ८ देखि १० बजेसम्म उम्मेदवारको लागि दरखास्त (मनोनयन)को समय राखिएको छ । समितिले मतदानका लागि आफू निर्वाचित भएको प्रमाणपत्र अनिवार्य गरेको छ ।

निर्वाचन सम्पन्न भए लगत्तै मतगणना सुरु गर्ने समितिले जनाएको छ । मतगणना समाप्त भएपछि मतगणनाको नतीजा घोषणा गर्ने निर्वाचन समितिले जनाएको छ । समितिको सदस्यहरूमा राजु श्रेष्ठ, ऋषिराम घिमिरे, गंगा दाहाल र सानुकान्छा श्रेष्ठ रहेका छन् ।

संसदीय दलको नेतामा इन्द्रबहादुर बानियाँ र बहादुरसिंह लामाले दावी गरिरहेका छन् । दुवै पार्टी सभापति शेरबहादुर देउवा समूहका हुन् । कांग्रेसको प्रदेशसभामा ३७ सिट छ । कांग्रेसले प्रत्यक्षमा २५ सिट जितेको कांग्रेसले समानुपातिकबाट १२ सिट प्राप्त गरेको थियो ।

# राप्रपा बागमती प्रदेशको संसदीय दलको नेतामा थापा

साझाकुरा संवाददाता



हेटौंडा, ११ पुस/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बागमती प्रदेशको संसदीय दलको नेतामा उद्धव थापा चयन भएका छन् ।

बागमती प्रदेशमा १३ जना प्रदेशसभा सदस्य रहेको राप्रपाको संसदीय दलको नेतामा थापा चयन भएका हुन् । उनलाई सोमबार काठमाडौंमा बसेको पार्टीको देशस्तरीय बैठकले प्रदेशको संसदीय दलको नेतामा थापालाई सर्वसम्मत चयन गरेको हो ।

थापा गत मंसिर ४ गते सम्पन्न प्रदेशसभा निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नम्बर ८ को २ बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । प्रदेशसभाको पहिलो कार्यकालमा समानुपातिकबाट दुईजना मात्रै सांसद पाएको राप्रपाले दोस्रो कार्यकालमा १३ सदस्यसहित उत्कृष्ट कमब्याक गरेको छ ।

केन्द्रमा एमालेको नेतृत्वमा बनेको गठबन्धनमा रहेको राप्रपाको समर्थनमा बागमती प्रदेशमा पनि सरकार गठन हुने भएको छ । राप्रपाको समर्थनले एमाले र माओवादीलाई सरकार गठनको लागि पर्याप्त मत पुग्छ । प्रदेश संरचना खारेजीको माग उठाउदै आएको राप्रपा आफू भने सरकारमा सहभागी नहुने भएको छ ।

# पासपोर्ट र लाइसेन्स लिन लाइन लाग्न नपर्ने व्यवस्था गर्ने मन्त्रिपरिषदको निर्णय



काठमाडौं, ११ पुस/सरकारले सेवाग्राहीले सास्ती व्यहोर्नुपर्ने विभिन्न कार्यालयको सेवामा सुधार गर्ने निर्णय गरेको छ ।

सोमबार पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकले राहदानी, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) आदि वितरण हुने कार्यालयको सेवामा सुधार गर्ने निर्णय गरेको हो ।

राहदानी बनाउन लामो लाइन बस्नुपर्ने हालको अवस्था अन्त्य गर्न र नागरिकलाई सास्ती नहुने गरी काम गर्न निर्देशन दिने निर्णय भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले बताएको छ ।

त्यस्तै लाइसेन्स दिने कार्यालयमा पनि भीड हुने अवस्थाको अन्त्य गर्ने निर्णय भएको छ ।

मन्त्रिपरिषद बैठकले अर्थतन्त्रमा सुधार, राजस्व चुहावट नियन्त्रण, सुशासन र जनतालाई परिवर्तनको अनुभूति दिने गरी सेवामा सुधार गर्ने निर्णय भएको प्रधानमन्त्री कार्यालय स्रोतले जनाएको छ ।

# बकैया जेसिसको अध्यक्षमा बस्नेत चयन





साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/बकैया जेसिसको सन् २०२३ को अध्यक्षमा आमोद बस्नेत चयन भएका छन् ।

बकैया जेसिजको पहिलो साधरणसभाले सनन् २०२३ को लागि बस्नेतको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । साधरणसभाले जितेन्द्र दाहाल र शुसिल घिमिरेलाई कार्यकारी उपाध्यक्षमा चयन गरेको छ । उपाध्यक्षहरुमा सुदिप दुलाल,आशिष बास्तोला,दीपेश देवकोटा र अजय फूँयाल चयन भएका छन् ।

बकैया जेसिसका संस्थापक अध्यक्ष रमेश फूँयालको अधक्ष्यतामा सम्पन्न सभामा बकैया जेसीजको मातृशाखा हेटौडा जेसीजका २०१५ का अध्यक्ष दीपक राज मिश्रले निर्वाचन आयुक्तको भूमिका निर्वाह गरेका थिए ।

# बागमती प्रदेशमा ६ सय २९ जना कर्मचारी माग





साझाकुरा संवाददाता

हेटौंडा, ११ पुस/ बागमती प्रदेश लोक सेवा आयोग हेटौंडाले एकै पटक ६ सय २९ जना कर्मचारी माग गरेको छ ।

सोमबार गोरखापत्रमा सुचना प्रकाशन गर्दै बागमती प्रदेश लोक सेवा आयोग हेटौंडाले एकै पटक ६ सय २९ जना कर्मचारी माग गरेको हो । बागमती प्रदेश सरकार र प्रदेशको स्थानीय तहका लागि पाँचौं तहका कर्मचारी मात्रै गरिएको छ ।

प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठले प्रदेशका विभिन्न मन्त्रालय, मातहतका कार्यालय र स्थानीय तहका लागि भनेर पाँचौ तहका ६ सय २९ जना कर्मचारी माग गरिएको जानकारी दिए । प्रदेश लोक सेवा आयोगले ५२ वटा स्थानीय तहका ४ सय ८१ जना र प्रदेश सरकारका लागि एकसय ४८ जना कर्मचारी माग गरेको छ ।

काठमाडौं महानगर पालिकाले पनि पहिलो पटक कर्मचारी माग गरेको छ । अहिलेको पाँचौ तहको परीक्षामा टिकमार्क, लिखीत परीक्षा र मौखिक समेत हुने अध्यक्ष श्रेष्ठले बताए । प्रदेश सरकारलेसबै भन्दा धेरै कर्मचारी गरेको यो पहिलो पटक हो ।

# कटुवा पेस्तोलसहित एक पुरुष पक्राउ

सप्तरी/सप्तरी हनुमान नगर कङ्कालिनी नगरपालिका-४ बाट कटुवा पेस्तोलसहित एक व्यक्तिलाई प्रहरीले सोमबार पक्राउ गरेको छ । गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस भार दह सप्तरीबाट सशस्त्र प्रहरी नायब निरीक्षक धनकुमार घिमिरेको कमाण्डमा खटिएको गस्ती टोलीले हनुमाननगर कङ्कालिनी-४ बस्ने शत्रुधन रामलाई हतियारसहित पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए । घरमा अवैध हतियार कटुवा पेस्तोल लुकाइछिपाई राखेको भन्दै घर कोठा तथा गाई गोठसमेत खानतलासी गर्दा गाई गोठको उत्तर कुनामा खाल्डो खनी कालो प्लास्टिकको डोरीले बेरी राखेको अवस्थामा कटुवा पेस्तोल बरामद गरिएको प्रहरी नायब उपरीक्षक सिंहले बताए ।

# विद्युत् प्राधिकरणद्वारा पोल भाडा तिर्न आग्रह

काठमाडौं, ११ पुस/ जिल्लाको मुख्य सहरी क्षेत्रमा आफ्नो कार्य क्षेत्र बनाएर इन्टरनेट सेवा प्रदान गर्दै आएका १४ कम्पनीले पोल भाडा सम्झौतामा ढिलाइ गरेका छन् ।

आर्थिक वर्षको पहिलो तीन महिनाभित्र पोल भाडा सम्झौता गर्नुपर्नेमा कुनै पनि कम्पनी सम्झौताका लागि आएका छैनन् । बिद्युत् प्राधिकरण वितरण केन्द्र भरतपुरका राजेन्द्र पौडेलका अनुसार यस केन्द्रमार्फत पोल भाडा सिफारिस लिएर प्राधिकरणसँग सम्झौता गर्नुपर्ने हुन्छ । अहिलेसम्म कुनै कम्पनी नआएको उनले बताए । उनले भने, 'पोल भाडा सम्झौताका लागि अहिलेसम्म एउटा कम्पनी पनि आएको छैन ।'

प्राधिकरणले पालिका अनुसार पोल भाडा कायम गरेको छ । यसअनुसार महानगरभित्र एक किलोमिटरका लागि रु नौ हजार र नगरपालिका एवं गाउँपालिकाका लागि रु सात हजार रहेको उनले जानकारी दिए । आर्थिक वर्षको पाँच महिना पूरा हुँदासमेत पोल भाडा सम्झौता गर्न इन्टरनेट प्रदायक संस्था नआएपछि केन्द्रले अभियान सञ्चालन गर्ने तयारीमा रहेको उनले बताए । निर्वाचन, चाडपर्वका कारण काम गर्न नपाएको बताउँदै उनले यही पुस १५ गतेदेखि पोल भाडा सम्झौताका





लागि अभियान सञ्चालन गर्ने बताए ।

अभियानमा सुरुआती समयमा प्रदायक संस्थालाई बोलाएर सम्झौताका लागि आग्रह गर्ने र अटेर गरे सामान जफत गर्ने उनले बताए । अघिल्लो आर्थिक वर्षमा यहाँ रहेका इन्टरनेट प्रदायक संस्थाले रु एक करोड ८५ लाख पोल भाडाबापतको रकम बुझाएको भए पनि यस वर्ष सम्झौताका लागि नआएका हुन ।

उनले भने, 'यस वर्ष पोल भाडाबापतको रकम करिब रु दुई करोड उनीहरुले प्राधिकरणलाई बुझाउनुपर्ने हुन्छ ।' यस वितरण केन्द्रअन्तर्गत भरतपुर महानगर पालिका-१ देखि १६ सम्म, यस्तै वडा नम्बर २२ र २९ पर्छन् । इच्छाकामना गाउँपालिकासमेत यसै केन्द्रअन्तर्गत पर्ने उनले जानकारी दिए ।

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

फोन न.:०५७-५२०३१५

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।

मो.न. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**सादर निमन्त्रणा**



**स्व. वीरबहादुर विश्वकर्मा**

मेरो श्रीमान स्व.वीरबहादुर विश्वकर्मा, नेपाल आयल निगम स्वतन्त्र कर्मचारी यूनियन केन्द्रीय उपाध्यक्ष एवम् राष्ट्रिय दलित कर्मचारी समाजका केन्द्रीय सदस्य मिति २०७९/९/१ गते भएको असामयिक निधनमा सागर पाल्नु हुने साथै परिवारमा भावपुर्ण समवेदना व्यक्त गर्नुहुने सबैमा भोलि मिति २०७९/९/१२ गते पर्न गएको १३ औं दिनको पुन्यतिथीमा पितृ प्रसाद ग्रहणका लागि हार्दिक अनुरोध गर्दछु ।

**स्थान:** निज निवास वडा नं. २ पुरानो मकवानपुर रोड

**समय :** दिउँसो २ बजे

**छोराहरु**
बिशाल/जुनु सिल्वाल वि.क.,
बिबेक सिल्वाल वि.क.,
प्रतीक सिल्वाल वि.क.

**श्रीमती**
पबित्रा विश्वकर्मा

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना